# खोसोभो गुरुङ समाज बेलायतको

## विधान सन् २००८

(सन् २०१५ को परिमार्जन सहित)

## प्रस्तावना:

"खोसोभो गुरुङ समाज युके" नेपाल अधिराज्यको पुर्बाञ्चलमा रहेको खोटांग,सोलुखुम्बु र भोजपुर तिन जिल्लाहरुको नामको पहिलो अक्षरहरुबाट खोसोभो शब्द बनेको र यिनै तिन जिल्लाहरु बाट आफ्नो भाषा,धर्म,संस्कार, संस्कृति सहित, विभिन्न लक्ष्यकासाथ् बेलायतमा बसोबास गर्ने गुरुङहरुको एक पूर्ण साझा समाज "खोसोभो गुरुङ समाज युके" लाई ब्यबस्थित गर्नका लागि यो बिधान निर्माण गरि लागु गरिएको छ !

## परिच्छेद १

### प्रारम्भिक

१. यो संस्थाको स्थापना अधिकारिक रुपले सन् ०७ जुलाई २००७ मा हाइड पार्क लन्डन बाट भएको हो !

२. यो समाजको स्थायी कार्यालय पोस्टल ठेगाना नभएको कारण महासचिवको ठेगाना नै समाजको कार्यालय मानिने छ !

### ३. परिभाषा:

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

क. बिधान भन्नाले : खोसोभो गुरुङ समाज युकेको प्रचलित बिधान (कानुन ) लाई बुझाउने छ !

ख. संस्था भन्नाले : खोसोभो गुरुङ समाज युके लाई बुझाउने छ !

ग. कार्य समिति भन्नाले: खोसोभो गुरुङ समाज युकेको कार्यसमिति लाई बुझाउने छ !

घ. सल्हाकार भन्नाले: संस्थाको गरिमामय पदमा रहेर सल्हा ,सुझाब दिने गठित समितिलाई बुझाउनेछ ! ङ. सभापति भन्नाले: खोसोभो गुरुङ समाज युकेको सभापति लाई बुझाउने छ !

च. उप-सभापति भन्नाले : खोसोभो गुरुङ समाज युकेको उप- सभापति लाई बुझाउने छ !

छ.  महासचिब भन्नाले :  खोसोभो गुरुङ समाज युकेको महासचिब लाई बुझाउने छ !

ज. सचिब भन्नाले :  खोसोभो गुरुङ समाज युकेको सचिवलाई बुझाउने छ !

झ.  कोषाध्याक्षा भन्नाले : खोसोभो गुरुङ समाज युकेको कोषाध्याक्षा लाई बुझाउने छ !

ञ.   सह-कोषाध्याक्षा भन्नाले : खोसोभो गुरुङ समाज युकेको सह- कोषाध्याक्षा लाई बुझाउने छ !

ट.  कार्यकारिणी सदस्य भन्नाले : खोसोभो गुरुङ समाज युकेको कार्यसमितिमा निर्बाचित सदस्यहरुलाई बुझाउने छ !

ठ. महिला तथा युवा बिभाग संयोजक भन्नाले : खोसोभो गुरुङ समाज युकेको महिला तथा युवा संयोजक लाई बुझाउने छ !

ड. जिल्ला  सम्पर्क सदस्य भन्नाले : खोसोभो गुरुङ समाज युके र  नेपालको खोसोभो जिल्ला बिचको सम्पर्क सदस्य लाई बुझाउने  छ !

## ४.  चिन्ह:

क.  पहेलो रंगको त्रिकोणले तिन जिल्लाको गुरुङहरुको  नाता,  समन्धको  भाव  बुझाउछ !

ख.  तिनओटा बेग्ला बेग्लै रंगको तिनओटा चारपाटे बक्समा लेखिएको अक्षारहरुले तिन जिल्लाहरुको नामको पहिलो अक्षारलाई  बुझाउछ !

ग.  तिन स्पस्ट भिन्न रंग हरुले बुद्धिस्ट झण्डाको रंग भन्ने बुझाउछ !

घ.  चिन्हको बिचमा रहेको भेडाको सिरले गुरुङहरुको पेसा, धन्दा  र परम्परा लाई बुझाउछ !

ङ.    तिन कुने चिन्हको तल्लो खण्डको  छेउमा लेखिएको मितिले समाज स्थापना भएको साल  वा  सम्बत बुझाउछ !

च. समग्र खोसोभो गुरुङसमाज युके चिन्हले तिन जिल्लाको गुरुङहरुको भाषा,धर्म,संस्कार संस्कृति र ब्यबसायको एकता लाई बुझाउछ !

## ५.  उद्धेश्य :

संस्थाको उद्धेश्य देहाय बमोजिम हुनेछ !

क. यो संस्था मुनाफा रहित सामाजिक संस्था हुनेछ !

ख. यो संस्थाको कुनै पनि सदस्यको निधन भएको अवस्थामा आर्थिक सयोग गर्नेछ !

ग . नया पुस्ताको लागि गुरुङ भाषा, धर्म,संस्कृति र परम्पराको बिकास गर्नेछ !

घ . सदस्यहरुको सयोगको लागि (माथि "ख" मा देहाए बमोजिम) आर्थिक कोष जम्मा गर्नेछ

ङ . आफन्त, नरनाता बिचको एकता र सदभाब कायम राख्नेछ!

## ६. सदस्यता :

क .समाजको सदस्य बन्नको लागि तोकिएको उचित सदस्यता सुल्क £१८०.००तिरी निबेदन फारम भरि कोषाध्यक्षलाई बुझाउनु पर्नेछ

ख. निबेदन फाराम भर्दा दुइ कपि भर्नु पर्ने छ. सक्कली फाराम कोषाध्यक्षलाई र नक्कली फाराम क्षेत्रीय सदस्यलाई बुझाउनु पर्नेछ !

ग .निबेदन फाराम सचिब वा महासचिब द्वारा उपलब्ध हुनेछ !

## ७. सदस्यहरुको बर्गिकरण:

यस संस्थाको सदस्य देहाय बमोजिम ३ प्रकारका सदस्यहरु बर्गिकरण गरिएको छ !

१. पूर्ण साधारण सदस्य : (अबिबाहित छोरा छोरी सहितको एक परिवार )

क. तिन जील्ला खोटांग, सोलुखुम्बु, र भोजपुर बाट आएका समस्त गुरुङहरु र उनीहरुको छोरा छोरी, जसको बिबाहा नभई बाउ आमा संगै बस्दै आएको छ !

ख. ६५ वर्षा उमेर पुगेका तिन जिल्लाका जेस्ठ नागरिक !

ग. तिन जिल्ला बाट अध्यानका लागि बेलायत आएका बिद्धार्थीहरु !

२. मानार्थ सदस्य : उपयुक्त बिशिष्ठ समाजसेबी तथा खोसोभो गुरुङ समाज युकेको भावनालाई सम्मान र कदर गर्नुका साथै खोसोभो गुरुङ समाज युकेको धर्म, संस्कृति र इतिहास आदि बिषयमा उल्लेखनीय योग्दान पुर्याउने खोटांग, सोलुखुम्बु र भोजपुर यी तिन जिल्लाहरु भन्दा बाहेक नेपाल अधिराज्यका कुनै पनि व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ तर मानार्थ सदस्यको मताधिकार रहने छैन !

३. संस्थापक सदस्यहरु :

क. ज्ञानबहादुर गुरुङ.

ख. देउकुमार गुरुङ.

ग. नारादमनी (एन.यम) गुरुङ.

घ. भिमबहादुर गुरुङ.

## ८. सदस्यता सुल्क :

क. पूर्ण साधारण सदस्यता सुल्क £१८० पाउन्ड लाग्नेछ (अबिबाहित छोरा छोरी सहितको एक परिवार )

ख. ६५ बर्ष उमेर पुगेको एकल जेस्ठ नागरिग सुल्क £५०पाउन्ड लाग्नेछ !

ग . जेस्ठ नागरिग श्रीमान श्रीमती दुवै भएमा जम्मा सुल्क £१०० पौण्ड लाग्नेछ !

घ . संस्थाको कार्य संचालन गर्नको लागि पप्रत्येक सदस्य बाट प्रत्यक वर्ष दश १० पौण्ड उठाइने छ !

ङ. जेस्ठ नागरिकको हकमा श्रीमान,श्रीमती दुवै वा श्रीमान वा श्रीमती मध्ये एकले ६५ वर्ष उमेर पुगेमा दुबैलाई जेस्ठ नागरिक मानिनेछ!

च. निश्चित कारण र उद्धेश्यको लागि आवश्यक परेमा सदस्यता सुल्क बाहेक अन्य रकम उठाइनेछ र सो कार्य गर्नु भन्दा पहिले सदस्यहरुको परामर्स लिइने छ र सो रकम जुन उद्धेश्यको लागि उठाईएको हो सो भन्दा बाहेक अन्यमा खर्च गरिने छैन !

## ९. बैक खाता :

क. "बैंक खाता" समाजको नाममा बैंक खाता खोलिनेछ !

ख. बैंक खाताको रेखदेख मनोनित कोषध्यक्षको निगरानीमा हुनेछ !

ग. समाजको बार्षिक लेखा परिक्षण कार्यसमिति द्वारा मनोनित लेखा परीक्षकबाट हुनेछ !

घ. निबर्तमान र बर्तमान कोषध्यक्ष बीच बैंक खाताको हस्तारण वर्तमान कोषध्यक्ष मनोनित भएको तिन

महिना भित्र भैसक्नु पर्नेछ !

ङ. समाजको लागि जम्मा तिन वटा खाता हुनेछ !

१. बचत खाता : यस खातामा आर्थिक नगद ब्याज आम्दानी हुने उद्देश्यले नगद जम्मा गरिनेछ !

२. चल्ती खाता : यस खातामा समाजमा भएको रकम जम्मा गरिनेछ !

३. बिशेष खाता : यस खातामा निश्चित उद्देश्यको लागि जम्मा भएको रकम राखिनेछ !

## १०. सदस्यहरुको हक अधिकार र सुबिधा :

क. संस्थाको बिधान बमोजिम साधारण सदस्य रहेको व्यक्तिले मात्र कार्यसमितिको उमेद्वार बन्न पाउनेछ !

ख. कार्यसमितिको चुनाबमा पूर्ण साधारण सदस्यले मात्र भोट गर्न पाउनेछ !

ग. समाजको कुनै पनि सदस्यको निधन भएमा सो मृतकको परिवारले £२०००.०० तुरुन्त आर्थिक सयोग पाउनेछ !

च. माथि ((ग)मा उल्लेख गरीए बाहेक अन्य रकम पनि निधन भएको परिवारको लागि प्रत्येक व्यक्तिको इच्छा अनुसार चन्दा स्वरुप उठाउन सकिनेछ !

घ. माथि (ग) मा उल्लेख गरिए अनुसार निधन भएको सदस्यको परिवारलाई बितरण गरिएको £२००० .०० खाताको रकम पुरा गर्नको लागि प्रत्येक सदस्यहरुबाट नै उठाइनेछ, तर सो मृतकको परिवारकालाई दिइएको £२०००.०० को रकम खाता पुरा गर्नको लागि उठाइने रकम, यदि कुनै सदस्य बाट उठ्न नसकेमा निज माथि निम्न बमोजिमको नियम लागु हुनेछ !

क. यदि पहिलो (मृतक) घटनाको रकम दिन अस्विकार गरेमा, निजले भविष्यमा पाउने रकम £२०००.०० बाट £५००.०० घटाई £१५००.०० मा झारिनेछ !

ख. यदि दोस्रो घटनामा पनि सोहि व्यक्तिबाट रकम उठ्न नसकेमा निजले पाउने रकम £१५००.०० बाट

£५००.०० घटाई  £१०००.०० मा झारिनेछ  !

ग. यदि तेस्रो घटनामा पनि सोहि व्यक्तिबाट रमक उठ्न नसकेमा निजले पाउने रकम £१०००.०० बाट £५००.०० घटाई  £५००.०० मा झरिनेछ  !

घ. यदि चौथो घटनामा पनि सोहि व्यक्तिबाट माथि उल्लेखित क,ख,ग नै दोहरिएमा  निजले पाउने रकम £५००.००बाट £ ५००.०० घटाई £०.०० मा झारिनेछ !

ङ. तर निजमाथि,  माथि उल्लेखित नियम लागु गर्नु भन्दा अगावै निजलाई दुई पटक सम्म मौखिक वा अरु कुनै संचार माध्यम द्वारा सो बिषयको जानकारी दिनु पर्ने र यसरी दुई  पटक सम्म जानकारी दिदा पनि निजले उक्त बिषय माथि  बेवास्ता गरेमा  निजलाई ३० दिनको म्याद दिई अन्तिम पत्र पठाउनु पर्ने र सो पत्र लेखिएको ३० तिस दिन नाघ्दा सम्म पनि निजले उक्त बिषयलाई बेवास्ता गरेमा निजमाथि, माथि उल्लेखित नियम लागु हुनेछ !

च. माथि धारा १० को (ग) मा उल्लेख गरिए बाहेक अन्य अपूर्ण सदस्यको निधन भएमा सोको परिवारको लागि भने व्यक्ति इच्छा अनुसारको रकम उठाउन सकिने छ !!

छ.  निधन भएको परिवारलाई वितरण गरिएको रकम £२०००.०० पुरा गर्नको लागि उठाइने रकम £२०००.०० भन्दा बढी उठेमा सो बढी उठेको रकम समाजको खातामा जम्मा हुनेछ,  तर यो नियम अपूर्ण सदस्यहरुको लागि भने लागु हुने छैन !

ज. संस्थाको बिधान र अन्य निर्णयहरुको पालना गर्न र संस्थाको उद्धेश्य प्राप्तिको लागि संस्थालाई सक्दो सयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ !

## ११.  सदस्यताको समाप्ति तथा  निलम्बन:

तल देहायको अवस्थामा सदस्यता बहाली रहने छैन !

क. सदस्यले दिएको राजिनामा पत्र अध्यक्षा द्वारा स्कृति भएमा !

ख. सदस्यको निधन भएमा !

ग.  संस्थाको विधानले तोके बमोजिम सदस्यता सुल्क नबुझाएमा !

घ. संस्था बिघटन भै खारेज भएमा !

ङ. कुनै पनि सदस्यले संस्थाको बिधान बिपरित काम गरेमा त्यस्तो सदस्यलाई कार्यसमितिले

साधारण सभाको निर्णयबाट निलम्बन गर्न सक्नेछ र निलम्बित सदस्यको सदस्यता शुल्क फिर्ता हुने छैन !

- संस्थाको कुनै पनि सदस्यले राजिनामा दिनुपरेमा उप-सभापति देखि साधारण सदस्य सम्मले सभापति समक्ष र सभापतिले उप - सभापति मार्फत कार्यसमितिको बैठकमा राजिनामा पत्र पेस गर्नु पर्नेछ !

## <u>१२. खोसोभो गुरुङ समाज युकेलाई सहि मार्ग दिशा दिनको लागि तल देहाय अनुसारको कार्यसमिति गठन हुनेछ जसमध्ये कम्तिमा २ जना महिला सदस्य अनिवार्य हुनुपर्नेछ।</u>

क. सभापति -१

ख. उप -सभापति - २

ग. महासचिब - १

घ. सचिब -१

ङ. कोषाध्यक्षा - १

च. सह - कोषाध्यक्ष - १

छ. महिला तथा युवा सदस्य - १

ज.प्रकाशन तथा प्रचार प्रसार सदस्य - १

झ. क्षेत्रीय सदस्य - ९

ञ.खोसोभो जिल्ला सदस्य -३

ट. संस्कृत सदस्य - १

## १३. कार्य समितिको अवधि र चुनावी प्रक्रिया :

क. कार्यसमितिको अवधि तिन बर्षको लागि हुनेछ !

ख.  कार्य समितिको कार्यकाल पुरा भएको प्रत्यक तिन वर्षमा नया कार्यसमिति गठन गर्नुपर्नेछ  तर यसरि नया कार्य समिति गठन गर्दा कार्यसमितिको कुनै पनि पदमा उमेद्वारी नपरेमा र सो पद खालि रहेमा उक्त पदकोलागि नया सदस्य बहाली नभए सम्म सोहि सदस्य नै यथावत रहनेछ!

ग.  कार्यसमितिको कुनै पनि पद उमेवारीका लागि पूर्ण सदस्य भैसकेका सदस्यहरुले मात्र उम्मेदवारी दिन पाउनेछ  !

घ. . सभापति वा उप-सभापति  उमेद्वारका लागि कम्तिमा पनि एक कार्यकाल कार्यसमितिमा काम गरेको हुनु पर्ने छ !

## १४.निर्बाचन समिति सम्बन्धि व्यवस्था :

क. निर्बाचन समितिको गठन बढीमा तिन ३ देखि ५ पाँच जना सम्मको निर्बाचन समिति बन्नेछ !

ख. निर्बाचन समितिको गठन कार्यसमितिको बैठक द्वारा पूर्ण सदस्यहरुबाट नै गठन हुनेछ !

ग. कार्यसमितिको सबै  सदस्यहरु  निस्पक्ष  र  स्वतन्त्ररुपमा निर्बाचित हुनेछ !

ग.   निर्बाचन समितिले संस्थाको बिधान भित्र रहेर काम गर्नु पर्नेछ !

घ.   निर्बाचन सम्बन्धि विवाद उत्पन्न भएमा बिबादको टुंगो निर्बाचन समितिले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ !

ङ.   निर्बाचन सम्पन्न भएको दिन नै निर्बाचन समिति स्वत:बिघटन हुनेछ !

## १५.  शपथ

म ……………………(आफ्नो नाम बताउने) सत्य निष्ठापूर्वक यो विधान र यसको अधीनमा बन्ने नियम उपनियमहरुको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएको अख्तियारीको दुरुपयोग गर्ने एवम् पदको गोपनियता भंग गर्ने छैन । म खोसोभो गुरुङ समाज यूकेको मूल्य र मान्यताहरुलाई सर्वोपरी ठानी, कर्तव्यनिष्ठ भई, मन, वचन र कर्मले आफ्नो जिम्मेवारी पूरा गर्ने प्रतिज्ञा गर्दछु ।

## १६. सल्लाहकार समिति :

खोसोभो गुरुङ समाज युके प्रति सदैब आत्मा सदभाब राख्ने पूर्ण सदस्यहरु बाट बिशिस्ट अनुभबी व्यक्तिहरु नै कार्यसमिति द्वारा संस्थाको आवस्यक अनुसारको सल्लाहकार समितिको गठन हुनेछ !

## १७. कार्यसमितिको काम, कर्तब्य र अधिकार :

क. प्रत्येक चार चार महिनाको अवधिमा कार्यसमितिको बैठक बोलाउनु पर्ने !

ख. बैठकले पारित गरेको निर्णयहरु कार्यन्वयन गर्ने !

ग. संस्थाको बिधान संसोधन गर्नु परेमा प्रस्ताब तयार गरि साधारण सभामा पेश गर्ने !

घ. राजिनामा स्वीकृति गर्ने र रिक्त स्थान पूर्ति गर्ने !

ङ. साधारण सभा प्रति उत्तरदायी रहने !

च. संस्थाको आगामी बर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने !

छ. संस्थाको कोष र सम्पति सुरक्षित राख्ने !

ज. हरेक बर्षको अप्रिल महिनामा साधारण सभा बोलाउनु पर्ने !

अ. संस्थाको नेतृत्वदायी भूमिका निर्बाह गर्ने !

## १८. जिल्ला सदस्यको काम र कर्तब्य :

क. आ- आफ्नो जन्म जिल्ला खोसोभो (नेपाल को) र खोसोभो गुरुङ समाज युके बीच निरन्तर सम्बन्ध कायम राख्ने !

ख. खोसोभो जिल्ला (नेपालको) लाई दैबी प्रकोप आपतकालीन वा कुनै पनि अन्य आपतकालीन परेमा सोको अनुसंधान गरि खोसोभो गुरुङ समाज युकेलाई जानकारी गराउने !

ग. आ-आफ्नो जिल्ला सयोगका लागि उठाइएको सयोग,रकम जुन प्रयोजनको लागि उठाइएको हो त्यो सयोग/रकम सहि ठाउमा सहि तरिकाले पुराउने जिम्मेवारी निर्बाह गर्नु पर्ने !

## १९. बार्षिक साधारण सभा:

क. बार्षिक साधारण सभा भन्नाले साधारण सदस्यहरुको समेत उपस्थिति भएको सभा नै साधारण सभा हुनेछ!

ख.  साधारण सभा संस्थाको सर्बोच्च अंग हुनेछ !

ग. प्रत्येक बर्षको अप्रिल महिनामा कार्यसमितिले निर्धारण गरेको मिति र समयमा साधारण सभाको बार्षिक बैठक बस्नेछ !

घ. साधारण सभाको बैठकको लागि २०% सदस्यहरुको  उपस्थिति भएमा  गणपुरक संख्या पुगेको मानिनेछ !

ङ. साधारण सभाको बैठकमा २०% गणपुरक सदस्य नपुगेमा बैठक स्थगित हुनेछ र सो स्थगित बैठक बोलाउन बैठक स्थगित भएको मिति देखि ७ दिन भित्र सम्ममा कम्तिमा १५ दिनको सूचना दिई  अर्को बैठक बोलाउनु पर्नेछ !

च. यसरि दोस्रोपटक बोलाइएको बैठकमा पनि गणपुरक सदस्य संख्या नपुगेमा उपस्थित संख्यालाई नै गणपुरक संख्या मानि साधारण सभाको बैठक बस्न सक्ने छ र उक्त बैठकको निर्णय नै अन्तिम निर्णय मानिनेछ !

## २०.  साधारण सभाको काम, कर्तब्य र अधिकार :

क. कार्यसमितिले संस्था प्रति बिगतमा गरेको सम्पूर्ण कार्यक्रमहरुको प्रतिबेदन माथि छलफल गरि सो लाई अनुमोदन गराउने !

ख. कार्यसमितिले पेस गरेको बिधान संसोधन तथा नियम अनुमोदन गर्ने र त्यसलाई लागु गराउने !

ग. कार्यसमिति पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्यसमिति पदाधिकारीहरुको बिधान बमोजिम निर्बाचन गर्ने !

## २१.  सभामा  सभाध्यक्षको  निर्णय  !

क. सभामा कार्यसमितिले पेस गरेको प्रस्तावमाथि छालफल गरि सो प्रस्ताब पारित गरिंदा यदि  बहुमतको मत  नभई मत बराबरी भएमा सभा अध्यक्षाको मतलाई नै निर्णायक मत मानिनेछ !

## २२.  सभामा हुने प्रस्ताब र कार्यविधि :

क. सभामा प्रस्तुत गरिने कार्यसूची र बिषय बस्तुको बारेमा कार्यसमितिले निर्णय  गर्नेछ !

ख. सभामा छलफलका लागि कुनै पनि सदस्यले प्रस्ताब राख्न चाहेमा निजले अरु एक जना प्रस्तावक र एक जना समर्थनका साथ् आफ्नो प्रस्ताब र त्यसका लागि आवाश्यक विवरण सभा हुने मिति भन्दा कम्तिमा पनि ७ दिन अगावै कार्यसमितिमा पेस गर्नु पर्नेछ !

ग. उक्त प्रस्तावलाई सभाको बैठकमा प्रस्तुत गर्ने वा नगर्ने कार्यसमितिले निर्णय गर्नेछ !

## २३. पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार :

१. सभापति :

क. बैठक/सभाको अध्यक्षता गर्ने !

ख. बैठक/सभा बोलाउने !

ग. संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने !

घ. अभिलेख प्रमाणित गर्ने !

ङ. संस्थाको नेतृत्व लिने !

२. उप- सभापति:

क. सभापतिलाई सयोग गर्ने !

ख. सभापतिको अनुपस्थितिमा निजको कार्य गर्ने !

ग. समाजको हरेक बैठक/सभामा उपस्थित हुने !

घ. अन्य आवश्यक कार्य गर्ने गराउने !

३.महासचिब :

क. सभापतिको निर्देशननुसार बैठक बोलाउने !

ख. बैठकमा पेस हुने प्रस्तावको मस्यौदा तयार गर्ने र बैठकमा पारित  कार्यविवरणको  अभिलेख राख्ने !

ग. समाजको पूर्ण कगजाज पत्र आदान प्रदान गर्नुका साथै विवरण राख्ने !

घ.सदस्यता सुल्क उठाउनु र सो लाई सम्भालने !

४. सचिब :

क. महासचिवलाई सयोग गर्ने !

ख. महासचिवको अनुपस्थितिमा महासचिवको सम्पूर्ण जिम्मेवारी बहन गर्ने !

५. कोषध्यक्ष :

क. समाजको नाममा बैंक खाता खोल्ने !

ख. संकलन सदस्यता सुल्क रेख देख गर्ने !

ग. संकलन कोषको रेख देख गर्ने !

घ. आर्थिक आय- ब्ययाको विवरण रारव्ने !

ङ. बार्षिक लेखा परिक्षणको लागि आर्थिक विवरण तयार गर्ने !

च. हरेक कार्यसमिति बैठकमा आर्थिक विवरण प्रस्ट पार्ने !

छ. साधारण सभामा बर्षको अन्तिम आर्थिक विवरण पेस गर्ने !

ज. आर्थिक सम्बन्धि सभापतिलाई जानकारी गराउने !

झ. कुनै पनि निश्चित काम/समारोहका लागि कोषबाट £५००.०० सम्मको रकम खर्च गर्न सक्ने अनुमति दिइएकोछ र सो खर्च भएको सम्पूर्ण रसिद सहितको पूर्ण विवरण कार्यसमितिको बैठकमा प्रस्तुत गर्नुपर्नेछ !

६. सह -कोषध्यक्ष :

क. कोषध्यक्ष लाई सयोग गर्ने !

ख. कोषध्यक्षको अनुपस्थितिमा कोषध्यक्षको सम्पूर्ण जिम्मेवारी बहन गर्ने !

८. सल्हाकार समिति : कार्यसमितिमा राय बाझी संस्थाको कार्य गर्न कठिन अवस्थामा कार्यसमितिले आवश्यक ठानेमा सल्हाकारहरुको राय सल्हा लिन सक्नेछ !

## २४.  ईलाका सदस्य :

क. कार्यसमितिको निर्देशन अनुसार कुनै पनि कार्य/समारोह गर्ने !

ख. ईलाकाको समपुर्ण साधारण  सदस्यहरुको अभिलेख राख्ने !

ग. साधारण सदस्यहरुको लागि सूचना प्रचार प्रसार गर्ने !

घ. सदस्यता  सुल्क तथा अन्य कोष जम्मा गरेर कोषध्यक्ष लाई सयोग गर्ने !

ङ. प्रत्येक बैठक/सभामा उपस्थित भै आफ्नो इलाका सदस्यहरुको प्रतिनिधित्व गर्ने !

सत्कार तथा मनोरंजन सदस्य :

क. समाजको कुनै पनि मनोरंजन कार्य/समारोह आयोजना गर्नु !

ख. प्रत्येक बैठक/सभामा उपस्थित हुनु !

ग. कुनै पनि सत्कार तथा मनोरंजन सम्बन्धि सभापतिलाई थाहा दिनुका साथै परामर्स लिनु

## २५.जिल्ला सदस्यहरु :

यस विधानको धारा १८ को क, ख, ग मा उल्लेखित अनुसार हुनेछ !

बार्षिक समारोह : हरेक वर्षको एक पटक गृष्मकालीन भेटघाट र लोछार समारोह जस्ता कार्यक्रम गरिनेछ, सो समारोह कार्यक्रम गर्ने मिति कार्यसमितिले निश्चित गर्नेछ !

## २६.  सफलता र  चिनारी :

क. GCSC प्रमाणपत्र प्राप्त बालबालिका तथा बिश्वबिध्यालय बाट शैक्षिक योग्यता प्राप्त गरेको सदस्यहरुलाई  समाजको  तर्फबाट सम्मान गरिनेछ  !

ख. सरकार वा स्थानीय संघ, संस्थाबाट प्रशंसित प्रमाणपत्र प्राप्त गरेका सदस्यहरुलाई समाजको तर्फबाट सम्मान गरिनेछ !

ग. माथि क र ख मा उल्लेखित सम्मान  लोछार समारोह कार्यक्रममा गरिनेछ, साथै नव बिबाहित जोडीलाई पनि यसै समारोह कार्यक्रममा सम्मान गरिनेछ!

घ. नया बन्नु भएको सदस्य ज्यु हरुलाई  भने ग्रिष्मकालिन भेटघाट कार्यक्रममा स्वागत गरिनेछ !

## समाप्त